बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८२ साल कार्तिक २१ गते शुक्रबार बसेको नगरकार्यपालिका बैठकको उपस्थिति

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिभा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

**बैठकका प्रस्तावहरु:**

१) ७४ औं अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,

२) हेलिकप्टर चार्टरको भुक्तानी सम्बन्धमा,

३) कार्यसूची स्वीकृति सम्बन्धमा,

४) फोहोरमैला ठेक्का रद्द सम्बन्धमा,

५) कार्यबिधिहरु स्वीकृति सम्बन्धमा,

६) अवैध उत्खनन् गरी भण्डारण गरिएको नदिजन्य पदार्थ (बालुवा र गिट्टी) सम्बन्धमा,

७) रकमान्तर सम्बन्धमा,

८) आर्थिक सहयोग सम्बन्धमा,

**बैठकका निर्णयहरु:**

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा, अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो।

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, मिति २०८२।०६।१७ गते बर्दिवास नगरपालिका वडा नम्बर ११ खयरमारास्थित भित्री सडकखण्डमा भएको सवारी दुर्घटनामा घाइते भएकाहरुलाई थप उपचारको लागि काठमाण्डौं पुऱ्याउन नगरपालिकाले हेलिकप्टर चार्टर गरेकोले सो बापतको हवाई भाडा रकम रु. ५,०३,४७५।(पाँच लाख तीन हजार चार सय पचहत्तर मात्र) नेपाली सैनिक विमान चार्टर उडान विकास समितिको मिति २०८२।०६।२६ प.स. १५३६७/चार्टर/२/०८२/८३/११ को पत्रानुसार भुक्तानि गर्ने निर्णय गरियो।

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा, यस नगरपालिकाको सम्झौता अनुसार स्ट्रकटिफर्म कन्स्ट्रक्सन प्राइभेट लिमिटेडले पेश गरेको बर्दिवास नगरपालिका क्षेत्रमा बहने भब्सी खोलाबाट नदिज़न्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) को प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार गर्नको लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, सरसफाई तथा फोहोरमैलाको दिगो व्यवस्थापनको लागि यस नगरपालिका र हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि. काठमाण्डौं बीच भएको सम्झौता अनुसार हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि. काठमाण्डौंले समझौता अनुसारको काम गर्न नसकेको, नगरवासिबाट फोहोरमैला व्यवस्थापनको सम्बन्धमा ज्यादै गुनासो आउने गरेको, दशै तिहारजस्तो पर्वमा एक महिना फोहोर संकलन नगरेको, फोहोर व्यवस्थापन गर्न जिम्मेवार नबनेको, नगरपालिकाले विभिन्न मितिमा जवाफ माग गर्दा चित्तबुझ्दो जवाफ पेश नगरेको र छलफलमा बोलाउँदा समेत नगर प्रमुखसँगको छलफलमा उपस्थित नभएकोले हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि. काठमाण्डौंसँगको ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो। साथै अर्को व्यवस्था नभए सम्मको लागि नगरपालिका आफैले फोहोरमैला व्यवस्थापन गर्ने निर्णय गरियो।

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, देहाय बमोजिका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो।

कृषि शाखा तर्फः

- व्यवसायिक प्याज खेति सञ्चालन कार्यविधि, २०८२
- माटो सुधार शिविर सञ्चालन कार्यविधि, २०८२
- पकेट संचालन कार्यविधि, २०८२
- बाली उपचार शिविर सञ्चालन कार्यविधि, २०८२
- कृषि सम्बन्धी मेसिनरी, औजार तथा उपकरण वितरण सम्बन्धी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

पशुपन्छी शाखा तर्फः

- बाख्रा श्रोत केन्द्र स्थापना संचालन कार्यविधि, २०८२
- दुध उत्पादनमा आधारित अनुदान वितरण कार्यविधि, २०८२
- दलित, गरिब तथा सिमान्तकृत वर्ग लक्षित पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- लागत सहभागितामा गोठ तथा खोर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
- शत प्रतिशत अनुदानमा बोका / थुमा वितरण कार्यविधि, २०८२
- लागत सहभागितामा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
- ६० प्रतिशत लागत सहभागितामा च्यापकटर वितरण कार्यविधि, २०८२

आर्थिक प्रशासन शाखा तर्फः

- कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८२

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, जिल्ला समन्वय समितिको कार्यालय जलेश्वर महोत्तरीको मिति २०८२।०७।०२ को च.न. १५६ को अवैध उत्खनन् गरी भण्डारण गरिएको नदिजन्य पदार्थ (बालुवा र गिट्टी) सम्बन्धि विषयको पत्रको सम्बन्धमा जिल्ला समन्वय समितिको प्रतिनिधि माग गरी पुन परिमाण एकिन गरेर ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा १० बमोजिमको प्रक्रिया अगाडि बढाउने। साथै उक्त प्रक्रिया पुरा नहुन्जेल सम्मको लागि जफत गरिएको नदिजन्य पदार्थ (बालुवा र गिट्टी) को जिम्मा जिल्ला समन्वय समितिको कार्यालयमा नै रहन दिने र उक्त अवधि भरको लागि सुरक्षा व्यवस्थापनको समेत अनुरोध गर्ने निर्णय गरियो।

७) प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा वडा बजेट सिलिङ्गको कुल रकमको १०% रकम फोहोरमैला व्यवस्थापन र विपद् व्यवस्थापनको लागि खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो।

८) प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा देहायका वडाहरुबाट आर्थिक सहयोग उपलब्ध गराईदिने सम्बन्धमा सिफारिस आएको हुँदा उपलब्ध गराउने भनी निर्णय गरियो।

- वडा नं. ८ को साविति देवीको घर गत असोज १७ देखि १९ गते सम्मको अविरल बर्षाको कारणले पुर्ण क्षति भएको हुदा रु ५१,०००/-(एकाउन्न हाजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो।

➢ वडा नं. ३ को जिष्णु प्रसांद दुलाललाइ भालुको आक्रमणबाट टाउको तथा आँखामा असर गरी पुर्ण रुपमा अशक्त हुनु भएको हुँदा र आँखाको शल्यक्रिया गर्नु पर्ने भएकोले निजको आर्थिक अवस्था दयनिय रहेको हुदा रु ७५,०००/-(पचहत्तर हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो